जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक ११२ | २०८१ साल मंसिर १३ गते बिहीबार (28 Nov. 2024 Thursday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : राजनीतिको उतारचढावमा.. ३ पृष्ठमा : सर्लाहीका चिनी उद्योग सञ्चालन ... ३ पृष्ठमा श्रीलङ्कामा प्रतिकुल मौसम..

# धान खेतमै गएर मत माग्दै उम्मेदवार



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाको दुई वडामा वडाअध्यक्ष पदका लागी हुने निर्वाचनको प्रचार प्रसार गर्ने समय अब केही घण्टा मात्र रहेको बेला उम्मेदवारहरु मतदाताले काम गर्नेस्थान धान खेतमै गएर मत माग्न व्यस्त देखिन्छन् ।

विभिन्न दलका उम्मेदवार मतदाता नजिक पुग्न जुक्ति निकालेका छन् । अहिले धान काट्ने बेला रहेकोले मतदाताहरु बिहानैदेखी आफ्नो खेतमा धान काट्न र व्यवस्थापन गर्न व्यस्त रहेकाले उम्मेदवारहरु धान खेतमै गएर उनीहरुसँगै काम गर्दै मत समेत माग्ने गरेको दृश्यहरु अहिले देखिन थालेको छ ।

ग्रामिण क्षेत्रमा पर्ने उक्त दुबै वडाका मतदातालाई अहिले धान काट्ने र थन्क्याउने चटारो पनि छ । यही व्यस्तथाका कारण अधिकाँश मतदाता आ-आफ्नो खेतबारीमा समय विताउने गरेका कारण उम्मेदवारहरु मत माग्दै खेतबारीमा समेत थालेका हुन ।

पाँच वर्षमा दोश्रो पटक

*बाँकी अन्तिम पृष्ठमा*

# संसदीय समितीको टोलीद्वारा राजविराज कारागार र थुनुवा कक्षको निरिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

कानुन, न्याय तथा मानव अधिकार संसदीय समितिको टोलीले बुधवार राजविराज कारागार तथा प्रहरीको थुनुवा कक्षको निरिक्षण गरेको छ । संसदीय समितीद्वारा कारागार र थुनुवा कक्षको निरिक्षण गरिएको यो पहिलो पटक हो ।

समितीका सभापती विमला सुवेदी तथा सदस्यहरु रन्जु ठाकुर, पुष्प बहादुर शाह, शेर बहादुर कुवँर, नविना यादव र प्रतिक्षा तिवारी सम्मिलित टोलीले राजविराज कारागार तथा जिल्ला प्रहरी कार्यालय सप्तरीस्थित थुनुवा कक्षको निरिक्षण गर्दै आवश्यक जानकारी लिएको छ ।

सो क्रममा थुनुवा कक्ष तथा कारागारमा रहेका कैदी/बन्दी सँग समस्याबारे साक्षात्कार गर्नुका साथै समाधान र सुधारका लागी गरिनु पर्ने कार्यहरुबारे सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीहरु सँग टोली सुझाव समेत लिएको छ ।

यसबारे जिल्ला प्रहरी कार्यालय सप्तरीमा आयोजित छलफलमा प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले थुनुवाको अवस्था तथा विद्यमान समस्याका बारेमा संसदीय टोलीलाई जानकारी दिएका थिए ।

यसैगरी सप्तरी कारागारमा

*बाँकी अन्तिम पृष्ठमा*

# घरमै थला परेका मजदुरको उपचारका लागी सहयोग जुट्दै



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

नशा च्यापिएर उपचार गर्न असमर्थ रहेका विगत एक महिनादेखी घर मै राखिएका एक मजदुरको उपचारका लागी पहल र सहयोग जुट्न थालेको छ ।

पेशाले मजदुर रहेका राजविराज ६ निवासी रमेश सदाको उपचारका लागी वडा र नगरपालिका कार्यालयले पहल थालेको छ ।

यसै क्रममा सदाकी पत्नी रम्भालाई बुधवार वडाअध्यक्ष शशी चौधरीले श्रीमानको उपचार गराउन १० हजार रुपैया सहयोग गरेका छन ।

यसका अतिरिक्त उनले राजविराज नगरपालिका कार्यालयबाट सदाको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान

*बाँकी अन्तिम पृष्ठमा*

## श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

## खुशीको खबर ! खुशीको खबर ॥

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौं,

मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्यप्रति ख्याल राखौं

हरेक व्यक्ति स्वास्थ्यप्रति ध्यान दिएमा बिरामी हुनबाट जोगिन सक्छ । स्वास्थ्य नै धन हो भन्ने मूल मर्मलाई आत्मसाथ गर्नुपर्छ । मानवका लागि स्वास्थ्य अति महत्वपूर्ण हो । हामी अहिले स्वास्थ्यप्रति गम्भिर बनिरहेका छैनौं । प्रत्येक व्यक्ति स्वस्थ्यप्रति संवेदनशल हुनु जरुरी छ । यसका लागि प्रत्येक व्यक्तिले स्वस्थकर खानादेखी समय अनुसार नियमित व्यायम लगायतका कार्य गर्ने बानि बसाल्नु पर्छ ।

यस बाहेक हामी आफ्ना वरिपरि सफा राख्न अग्रसरता देखाऔं । यसका लागि घरवरिपरि सरसफाइमा ध्यान दिनुपर्छ । विहान र साँझपख घर आङ्गन सरसफाई गर्नेतिर ध्यान दिनु आवश्यक छ । यस्तो अवस्था आउनै नदिन सबैले सरसफाईमा ध्यान दिन सके आफू पनि र अरुलाई पनि स्वास्थ राख्न सकिन्छ । मानिस अस्वथ्य भएपछि स्वथ्य बन्न लाखौं रकम खर्च गर्नु पर्ने बाध्यता आउछ ।

तसर्थ स्वास्थ रहन हामी आजैदेखी आफ्नो शरीर तथा घरदेखी आङ्गन र सडकसम्मको सरसफाईमा ध्यान दिऔं ।


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# राजनीतिको उतारचढावमा र शेयर बजार

**रिसव गौतम**

काठमाडौं, १२ मङ्सिर (रासस) ।

हालैका दिनमा अन्तर्राष्ट्रिय क्षेत्रमै तरङ्ग ल्याउने घटनाका रूपमा अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको पुनरोदय चर्चामा छ । अक्सर एकचोटि हारेपछि पुनः नदोहोऱ्याउने एक सय ३० वर्षे अमेरिकी इतिहासलाई ब्रेक गर्दै डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालका लागि विजयी हुँदै गर्दा अमेरिकी शेयर बजारमा उछाल आयो । अमेरिकी राष्ट्रपतिमा ट्रम्पको पुनरोदयसँगै अमेरिकाको मात्र होइन, युरोप र एसियाका पनि कतिपय देशको शेयर बजारमा समेत सकारात्मक प्रभाव परेका समाचारहरू अन्तर्राष्ट्रिय समाचार माध्यमहरूमा छाए । त्यतिमात्र होइन, अमेरिकी राष्ट्रपतिमा ट्रम्पको उदयसँगै डलर र बिट क्वाइनले नयाँ रेकर्ड कायम गरेको छ ।

विश्वमा प्रजातान्त्रिक पुँजीवादको उच्चतम अभ्यास गरिरहेको अमेरिकामा अर्बपति व्यक्तित्व ट्रम्पको पुनरोदयले संसारभर कस्तो प्रभाव रहला भनेर अहिले सर्वव्यापी बहस भइरहेका छ । अमेरिकामा ट्रम्पको उदयले नेपाललाई कस्तो प्रभाव पार्ला भनेर नेपालमा पनि सानोतिनो बहस भइरहेको छ । वास्तवमा अमेरिकी पुँजीवाद र खुल्ला समाज बुझ्न ट्रम्पको व्यक्तित्व, चरित्र र स्वभाव बुझे पुग्छ । व्यक्तित्व नै पुँजीवादी दर्सिने नवनिर्वाचित अमेरिकी राष्ट्रपतिलाई शेयर बजारले भव्य स्वागत गरेको देखिन्छ । राजनीति र शेयर बजारको सम्बन्ध दर्साउन हालैको अमेरिकी चुनाव र त्यसको परिणाम एउटा दरिलो उदाहरण हुनसक्छ ।

राजनीतिले जहिल्यै शेयर बजारलाई असर गर्ने सम्भावना हुन्छ । यो तथ्य शेयर बजारमा व्यावसायिक हिसाबले लाग्नेहरूलाई मात्र होइन, अब त नेपालमै पनि सामान्य लगानीकर्ताहरूलाई समेत थाहा भइसकेको छ । तर राजनीतिक उतारचढावले शेयर बजारलाई कुन हदसम्म र कति समयसम्म असर गर्ने सम्भावना हुन्छ भन्ने कुरा बेग्लै हो । खासगरी राजनीतिक दलहरू विभिन्न सिद्धान्त बोकर अस्तित्वमा हुन्छन् । जस्तो कि कोही कम्युनिष्ट विचारधारा बोकेर अस्तित्वमा छन् त कोही उदार तथा प्रजातान्त्रिक विचार बोकेका हुन्छन् भने कतिपय दलहरू अलिअलि उदार र अलअलि नियन्त्रित विचारधाराको पक्षपोषक हुन्छन् । त्यसकारण विभिन्न विचारधारा बोकेका राजनीतिक दलहरूले सतहमा गर्ने गतिविधि, राजनीतिक उतारचढाव, सत्ता फेरबदल तथा फेरबदल हुने खालका सङ्केत तथा गतिविधि, त्यस खालका समाचारहरूले शेयर बजारमा प्रभाव पार्दछ, जसले बजारलाई बढाउने तथा घटाउने गर्दछ ।

अलगअलग विचारधारा बोकेका राजनीतिक दलहरू सरकारमा हाबी हुँदा उनीहरूले ल्याउने नियमन र कानुनहरूले कम्पनीहरूमा प्रभाव पार्छ । फलतः शेयर बजारमा असर गर्दछ । खासगरी राजनीतिका कारण आर्थिक र व्यापारिक वातावरणलाई प्रभाव पार्ने सबैजसो समाचारहरू शेयर बजारका लागि उत्तिकै महत्वपूर्ण हुन्छन् । यसले अप्रत्यक्ष रूपमा बजारमा प्रभाव राख्दछ । जस्तो कि अघिल्लो महिना खुलेको शेयर बजारले क्रमशः हरियो यात्रा तय गर्दै थियो । लगत्तै राजनीतिमा पछिल्ला वर्षहरूमा एकाएक उदाएका रास्वपाका सभापति तथा पूर्वउपप्रधानमन्त्री रवि लामिछाने सहकारी ठगी आरोपको अनुसन्धानको लागि प्रहरीद्वारा समातिएपछि रास्वपाका नेता कार्यकर्ता, समर्थकहरूले त्यसको विरोधमा सडकमा नाराबाजी गरे । फलस्वरुप दुई दिनमै शेयर बजार ६० अङ्क हाराहारी घट्यो । यसरी दसैं बिदापछि खुलेको शेयर बजार घट्नुपर्ने अन्य कारण नभएको विश्लेषकहरू बताउँछन् ।

राजनीतिमा आउने सामान्य तरङ्गले पनि बजार घट्ने-बढ्ने गरेको देखिन्छ । शेयर बजारका लागि लचिलो मानिएका र शेयर बजारमैत्री भनेर चिनिएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता विष्णु पौडेललाई बजारले जहिल्यै स्वागत गरिरहेको छ । अहिले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमालेको संयुक्त सरकारले आफ्नो सय दिने कार्य प्रगति सार्वजनिक गरिसकेको छ । उसले आफनो प्रगति विवरणमा लामो समय गिरेको शेयर बजार लयमा फर्किएको बताएको छ ।

हुन पनि वर्तमान सरकार गठन भएसँगै दुई हजार अङ्कको सेरोफेरोमा रुमलिएको नेप्से परिसूचकले उचाइ भरेर साउन अन्तिम साता तीन हजार अङ्कसम्म छोएको थियो । पौडेल अर्थमन्त्री भएपछि आएको मौद्रिक नीतिको लचकताले डेढ महिनामै बजारले करिब एक हजार अङ्कको फड्को मारेको थियो । बीचमा बाढी, पहिरो लगायतको प्राकृतिक विपत्तिले निर्माणाधीन केही जलविद्युत् आयोजना तथा भौतिक पूर्वाधारमा भएको नोक्सानीले बजार केही घटेर दुई हजार सात सय अङ्कभन्दा थोरै माथि आएर बसेको अवस्था छ । त्यसरी नयाँ सरकार बनेको थोरै अवधिमा बजारले ठूलो वृद्धि हासिल गर्नु अरू कारणभन्दा पनि राजनीतिक कारण नै हो भन्न सकिन्छ ।

खासगरी नेपाली कांग्रेस, नेकपा (एमाले) जस्ता पार्टीहरू पुराना, उदार अर्थतन्त्रको पक्षपोषक भएकाले बजारले उनीहरूलाई विश्वास गरेको देखिन्छ । नेकपा (माओवादी) लगायत पार्टीहरू पनि पछिल्लो समय शेयर बजारप्रति लचक नै देखिन्छन् । उनीहरूले पनि शेयर बजारलाई अर्थतन्त्रको ऐनाका रूपमा हेर्न थालेका छन् । बजार बढाउने प्रयास उनीहरूको नेतृत्वमा पनि भएका हुन् । यसरी साना ठूला राजनीतिक घटनाक्रम र नियुक्तिहरूले पनि शेयर बजारलाई सकारात्मक तथा नकारात्मक असर गरिरहेका हुन्छन् । लगानीकर्ताहरूको मनोभावना नै त्यस्ता घटनाक्रमबाट तीव्र चञ्चल हुन्छ । यस्तो अवस्था नेपालमा मात्र नभएर विश्वभर नै भइरहेको पाइन्छ ।

छिमेकी भारतमा पनि आर्थिक विकास र वित्तीय स्थिरताका लागि विश्वासी ठानिएका नरेन्द्र मोदी प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल सुरु भएसँगै त्यहाँको शेयर बजार उकालो लागिरहेको छ । भारतीय शेयर बजारले अहिले नयाँनयाँ 'रेकर्ड ब्रेक' गरिरहेको छ । गत २३ अक्टोबर २०२४ भारतीय शेयर कोरोबार सेन्सेक्स ८० हजार ८१ विन्दुमा पुगिसकेको छ । जबकि मोदीको तेस्रो कार्यकाल सुरु हुनुअघिको चुनावी प्रचारप्रसारको क्रममा विभिन्न हल्लाका कारण शेयर बजार 'सेन्सेक्स' ह्वात्तै घटेको थियो ।

यसरी संसारभर नै राजनीतिक उतारचढावले शेयर बजारलाई धेरै हदसम्म असर गर्दै आएको छ । तर त्यस्तो असरको आयु भने छोटो पनि हुने हुन्छ । मूल कुरा व्यावसायिक वातावरण र कम्पनीहरूले गर्ने आर्थिक अनुशासन, प्रगति, उन्नति नै बजार बढ्ने आधार हुन् । तर एकाथरी ठूला र कुटिल लगानीकर्ताहरू यस्तै राजनीतिक समस्याहरूलाई लिएर कोकोहोलो मच्चाउन तल्लीन हुन्छन् । मिडियाहरू समेत प्रयोग गरेर अनर्गल हल्ला गर्छन् र बजार घटाउने वा बढाउने गरेर आफ्नो स्वार्थ पूरा गर्छन् । राजनीतिको आडमा बजार घटाएर किन्छन् भने फेरि राजनीतिक घट्नाक्रमकै आडमा बजार बढाएर आफ्ना शेयरहरू बेच्छन् । त्यस्तोमा सोझा लगानीकर्ताहरू पछि पर्छन् । त्यसतर्फ शेयर बजारका लगानीकर्ताहरू सजग हुनुपर्छ ।

राजनीतिमा हुने अस्थिरताका कारण सरकारको आर्थिक नीति, मौद्रिक नीति, सार्वजनिक खर्च, करको दर, कानुनी व्यवस्थामा फेरबदल आउन सक्छन् । जसको कारण शेयर बजारमा उतारचढावको अवस्था सिर्जना हुन्छ । त्यसकारण पनि राजनीतिक अस्थिरता शेयर बजारका लागि घातक हुन्छ । तर पनि शेयर बजारका लागि राजनीतिक घटनाक्रमले बजारमा छोटो अवधिका लागि अस्थिरता निम्त्याउँछ । नयाँ आउने लगानीकर्ताहरूलाई हतोत्साही बनाउँछ । बजारप्रति नकारात्मक मनोवृत्ति सिर्जना गर्दछ ।

शेयर बजारलाई दीर्घकालमा प्रभावित तुल्याउने भनेको आर्थिक तत्वहरू, व्यावसायिक वातावरण, आर्थिक नीतिहरू, आर्थिक ऐनहरूले हो । ती कुराहरू पनि राजनीतिसँग नै जोडिएका छन् । त्यसकारण पनि राजनीति र शेयर बजारको सम्बन्ध अधिकतम हुन्छ । तर त्यो जटिलसमेत हुने गर्दछ । राजनीति सही दिशामा हिँड्दा शेयर बजारमा पनि त्यसको सकारात्मक प्रभाव पर्दछ । शेयर बजारमा मात्र होइन, राजनीतिक सही बाटोमा हिँडे देशका सबै क्षेत्र प्रगतिपथमा हिँड्नेछ । त्यो इतिहासको घटनाक्रम, विश्व घटनाक्रमले देखाएकै छ । (आर्थिक लेखक तथा विश्लेषक हुनुहुन्छ)

# राष्ट्रिय गौरवका आयोजना : अपेक्षित प्रगतिको प्रतीक्षा

काठमाडौं, १२ मङ्सिर (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहत आठ वटा राष्ट्रिय गौरवका आयोजना रहेपनि अपेक्षित प्रगति हुन सकेको छैन । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न भइ सञ्चालनमा आएको भएपनि गत असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरोका कारण हाल आयोजना बन्द भएको छ ।

पुनःनिर्माणको काम भइरहेको सो आयोजनालाई शीघ्र सञ्चालनमा ल्याउने तयारी गरिएको छ । भौतिक प्रगतिको दृष्टिमा भने सो आयोजना बाहेक अन्य आयोजनाको अवस्था भने अपेक्षित राम्रो छैन ।

सो मन्त्रालय मातहत रहेका सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण सम्पन्न भएपनि अन्य काममा उल्लेखनीय प्रगति हुन सकेको छैन । सो आयोजनाको भौतिक प्रगति ३४ दशमलव ९० प्रतिशत र वित्तीय प्रगति ३१ दशमलव ४९ प्रतिशत बराबर छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा केही दिन पहिले पेस गरिएको विवरण अनुसार, सो आयोजनाको बाँधस्थल तथा विद्युत् गृहको ठेक्का व्यवस्थापनमा जटिलता देखिएको छ ।

बिपी राजमार्गबाट हेभी मालसामानको ढुवानी, बाँधस्थल तथा विद्युत्गृह निर्माण व्यवसायीले स्रोतसाधन तथा जनशक्तिको न्यून परिचालन गरेका कारण प्रगति हुन नसकेको मन्त्रालयले उपलब्ध गराएको विवरणमा उल्लेख छ ।

कूल एक लाख २२ हजार हेक्टरमा क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने र ३१ दशमलव शून्य सात मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको छ । सो आयोजना आर्थिक वर्ष २०८५/८६ मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आव २०६१/६२ देखि सुरु भएको सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ४१ दशमलव ७९ प्रतिशत मात्रै भएको छ । आयोजना सुरु भएको २० वर्ष पूरा भए पनि अदालतमा विचाराधीन विषयहरुको फैसला समयमा नहुँदा कार्यान्वयनमा द्विविधा उत्पन्न भएको छ । जग्गा अधिग्रहणको प्रक्रिया झन्झटिलो र विवादित हुन पुगेको छ । जग्गा प्राप्तिमा नै लामो समय लाग्दा आयोजनाको कार्यान्वयनमा समस्या पैदा भएको छ । सिञ्चित क्षेत्रमा बस्ती विकास र कृषि भूमिको खण्डीकरण भएको छ ।

यस्तै, डुडुवा नहरमा अतिक्रमण भएको छ । कूल ४२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु भएको सो आयोजनाको कूल लागत रु ५२ अर्ब ८९ करोड छ । सो आयोजनालाई अगाडि बढाउने उपायका रुपमा मुद्दाको फैसला, सरलीकृत जग्गा प्राप्ति र कृषि भूमिको सुरक्षालाई सरकारले प्राथमिकतामा राखेको छ ।

नदी पथान्तरण आयोजनाको रुपमा रहेको भेरी बबई डाइभर्सन आयोजनामा पनि निर्माण व्यवसायीको व्यवस्थापन तथा स्रोतसाधनको कमी रहेको छ । यस्तै, जनशक्ति परिचालनमा रहेको कमजोरीले आयोजनाको काम प्रभावित भएको छ । कार्यानुभव कमीले डिजाइन समीक्षामा समस्या, हरेक वर्षको बाढीको गेग्रान सफा गरी काम

*बाँकी तीन पृष्ठमा*

# सर्लाहीका चिनी उद्योग सञ्चालनको तयारीमा

**सिङ्गबहादुर थापा**
बरहथवा (सर्लाही), १२ मङ्सिर (रासस)।

उखुको याम सुरु भएसँगै यहाँका चिनी उद्योग सञ्चालनको तयारी जुटेका छन्। जिल्लामा तीन वटा उद्योग रहेकामा अन्नपूर्ण उखु उद्योगले 'क्रसिङ' को काम सुरु गरिसकेको हो।

लामो समय किसानको उखुको भुक्तानी नदिएर विवादग्रस्त बनेको सर्लाहीको धन्कौल चिनी उद्योग अहिले उखु तान्ने काममा व्यस्त देखिन्छ।

विसं २०७४ अघिको उखुको भुक्तानी किसानलाई नदिएपछि उद्योग सञ्चालन गर्न रोक लगाइएको थियो। विसं २०७९ मा नयाँ उद्योगीको पहलपछि केही किसानले पुरानो भुक्तानी पाएपछि उद्योग सञ्चालन भएको हो। विसं २०७८ देखि 'क्रसिङ' याममा उद्योगले पुनःक्रसिङ गर्न सुरु गरेको थियो।

क्रसिङ यामको अन्तिममा सञ्चालनको प्रयास गरेको उद्योगले उपकरणमा आएको खराबीका कारण लगभग ६८ हजार क्विन्टल मात्र क्रसिङ गरेको थियो। यसवर्ष भने मङ्सिरको पहिलो सातादेखि क्रसिङ गरेर उद्योगले किसानको भरोसा बटुल्ने प्रयास गरिरहेको छ।

लामो समय पूरा क्षमतामा सञ्चालन हुन नसकेको अन्नपूर्ण प्राविधिक समस्याका कारण पटकपटक बन्द हुँदै सञ्चालन भइरहेको छ। मङ्सिर ६ गते रातिदेखि क्रसिङ सुरु गरेर चार दिनमा २६ हजार आठ सय ७१ क्विन्टल उखु क्रसिङ गरिसकेको उद्योगका प्रबन्धक शैलेन्द्र गुप्ताले जानकारी दिनुभयो। तीन वटा चिनी उद्योग रहेको जिल्लामा अन्यले सञ्चालनको तयारी गर्दैगर्दा अन्नपूर्णले क्रसिङ सुरु गरेको हो।

यो याममा किसानसँग प्रभावकारी रूपमा समन्वय गरेर क्रसिङ सुरु गरेको उद्योगका प्रबन्धक गुप्ताले बताउनुभयो। "किसानको पुरानो बक्यौता भुक्तान भइसकेको छ", उहाँले भन्नुभयो, "पहिलाको उद्योगी राकेश अग्रवालको दायित्वमा रहेको रकमसमेत हामीले किसानलाई उपलब्ध गराएका छौँ। अग्रवाल जीले बाँकी छैन् भने पनि किसानले पुरानो पुर्जी लिएर आउनु भएको छ। त्यसको भुक्तानी एकमुष्ठ गर्न सम्भव नभएकाले थोरैथोरै गर्दै जानेछौँ। उद्योग सञ्चालनमा सहकार्य गरिदिन किसानसँग आग्रह गरेकाले किसानहरू उत्साहित हुनुहुन्छ।"

उद्योगलाई पूर्ण रूपमा विश्वास गरेर उखु दिन नसकिएको स्थानीय उखु किसान बताउँछन्। धन्कौल गाउँपालिका-३ का विन्देश्वर महतोले थोरै मात्रामा उखु दिएको बताउनुभयो। "मैले उखु रोप्नै छोडिसकेको छु, कम खेती लगाएकाले गाउँको उद्योगलाई दिँदा सहज हुन्छ। अन्नतपूर्णले बढीमा १५ दिनमा भुक्तानी दिने प्रतिबद्धता जनाएको छ। उद्योगमा प्रत्यक्ष जोडिएका स्थानीयले पहिलो चरणमा उखु दिएका हुन्", उहाँले भन्नुभयो।

यसअघि उत्पादित उखु इन्दुशङ्कर चिनी उद्योग (हरिवन), गोडैता नगरपालिकास्थित महालक्ष्मी चिनी उद्योग (बगदह)मा दिने गरेको महतोले बताउनुभयो। जिल्लाका अन्य उद्योगले अहिले कटानी भएको उखुको चिनी राम्रो नपर्ने भन्दै उद्योग सञ्चालनमा ढिलाइ गरिरहँदा अन्नपूर्णले भने, किसानको मन जित्न समय अगावै उद्योग सञ्चालनमा ल्याएको हो।

यसवर्ष उद्योगले कम्तीमा १५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको प्रबन्धक दिनेश अग्रहरिले जानकारी दिनुभयो। उद्योग सञ्चालनमा आएको भए पनि पूर्ण रूपमा विश्वस्त भएर किसानले उखु नदिँदा उद्योग पटकपटक 'नो क्यान'को अवस्थामा पुग्ने गरेको छ। उद्योगी तथा व्यवस्थापन पक्षले खेतखेतमा पुगेर किसानलाई उखु दिन आग्रह गरिरहेका किसान बृजेन्द्र रायले बताउनुभयो। अन्नपूर्ण चिनी उद्योग धन्कौलले गत याममा ६८ हजार तीन सय १० क्विन्टल उखु क्रसिङ गरेर उद्योग बन्द गरेको थियो।

महालक्ष्मी चिनी उद्योगले यो यामका लागि क्रसिङ सुरु गरेको जनाएको छ। तीन दिनदेखि उखु सङ्कलन गरेर बुधबारदेखि उद्योग सञ्चालन गरिएको उद्योगका प्रबन्धक पवनकुमार सिंहले जानकारी दिनुभयो। उद्योगले गत यामको केही भुक्तानी बाँकी राखेको भन्दै उक्त भुक्तानी एक/दुई साताभित्र गरिने उहाँको भनाइ छ।

यस वर्ष १८ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखिएको प्रबन्धक सिंहले बताउनुभयो। उद्योगले गत याममा १२ लाख ३७ हजार तीन सय क्विन्टल उखु क्रसिङ गर्न पाएको थियो।

**इन्दुशङ्करको तयारी पूरा**

जिल्लामा रहेका तीन उद्योगमध्ये अन्नपूर्ण र महालक्ष्मीले यो यामका लागि क्रसिङ सुरु गरे पनि इन्दुशङ्कर चिनी उद्योगले अन्तिम तयारी पूरा गरेको जनाएको छ। देशमा व्यवस्थित मानिने जिल्लाको हरिवनस्थित इन्दुशङ्कर उद्योगले यो यामका लागि क्रसिङको तयारी पूरा भएको जनाएको हो।

उद्योगले मङ्सिरको अन्तिम सातादेखि क्रसिङ सुरु गर्ने तयारी गरेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले बताउनुभयो। मङ्सिर १७ गते साइत (डोगा) पूजा गरी क्रसिङको काम थालिने उहाँको भनाइ छ।

"हामी क्रसिङ गर्न तयारी अवस्थामा छौँ", ठाकुरले भन्नुभयो, "किसानलाई उखु ल्याउन दिने चलान, आन्तरिक व्यवस्थापन मिलाएर अन्तिम सातादेखि उद्योग सञ्चालन गर्नेछौँ।" इन्दुशङ्कर चिनी उद्योग हरिवनले यो याममा ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने जनाएको छ। गत याममा २१ लाख ४८ हजार छ सय ११ क्विन्टल उखु क्रसिङ गरेर मिल बन्द भएको थियो।

गत याममा जिल्लाका अधिकांश उद्योगले उखु नपाएपछि पूरा समय सञ्चालन हुन सकेका थिएनन्। उखुको अनुदानबापतको रकम भुक्तानीमा ढिलाइ हुँदा जिल्लामा उत्पादित उखु अन्य जिल्ला पठाइएको किसानको भनाइ छ।

**समर्थन मूल्य अन्योलमा**

मङ्सिर आधा सकिनै लाग्दासमेत सरकारले यो यामका लागि उखुको समर्थन मूल्य तय नगर्दा किसान र उद्योगी दुवै अन्योलमा परेका छन्। उखु काटेर बेच्न लैजान समय घर्किँदै जाँदा सरकारले समर्थन मूल्य तय नगरेको भन्दै तत्काल समर्थन मूल्य तय किसानले माग गरेका छन्।

"समय घर्किएपछि उखुको समर्थन मूल्य तोकेर समस्या समाधान हुँदैन", उखु किसान रवि पाण्डेले भन्नुभयो, "सरकारले किसानको लगानी बुझेर समर्थन मूल्य यथाशीघ्र तोकी किसानलाई उखु बिक्रीको सहज वातावरण बनाउनुपर्छ।"

राज्यले उखुको समर्थन मूल्य समयमा नतोक्दा शून्य मूल्यमा उखु बेच्नु परेको किसानले गुनासो गरेका छन्। अर्को याममा काट्ने उखुको समर्थन मूल्य यस वर्ष नै तय हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

पहिलानै समर्थन मूल्य तय गर्ने व्यवस्था भए किसानलाई फाइदा हुने बताउँदै यसो भएमा उखु लगाउने वा नलगाउने किसानले पहिला नै निर्णय लिन सक्ने पाण्डेको भनाइ छ।

अहिलेको व्यवस्थाअनुसार किसानलाई अन्योलमा राखेर सरकारले अन्याय गरेको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो। सरकारले यथाशीघ्र उखुको समर्थन मूल्य तोकी किसानलाई सहजीकरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

यसैबीच, उखु उद्योगले भने तत्काललाई गत वर्ष सरकारले तोकेको समर्थन मूल्य भुक्तानी गरेर उखु खरिद गर्ने तयारी गरेका छ। पछि सरकारले तय गरेको समर्थन मूल्य दिने गरी अहिलेलाई गत यामको रु पाँच सय ६५ दिएर उखु खरिदको व्यवस्था मिलाइएको महालक्ष्मी चिनी उद्योग बगदहले जनाएको छ। किसान भने पछि सरकारले थपेको बाँकी रकम नपाउने चिन्तामा छन्।

यसअघि पनि यसरी उखु खरिद गरेको रकम नपाएको गोडैता-३ का उखु किसान मुनिम ठाकुरले गुनासो गर्नुभयो। यही अवस्था रहिरहे उखु खेती गर्ने वातावरण नभएको भन्दै सरकारले किसानलाई खेती गर्ने सहज वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। रौतहट, बारा, महोत्तरी, सिराहासम्मका उद्योगले यहाँ उत्पादित उखु लैजान सुरु गरिसकेका छन्।

---

## *राष्ट्रिय गौरवका ...*

गर्नुपर्ने, परामर्श सेवाको अवधि सकिने अवस्थामा रहेको छ।

उच्च कार्य समूह बनाइ प्राविधिक काममा सहजीकरण गर्ने र ठेक्का व्यवस्थापनमा कडाइ गर्नुपर्ने अवस्था छ। आव २०७१/७२ मा सुरु भएको सो आयोजना आव २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कूल लागत रु ३६ अर्ब ८० करोड बराबर रहेको उक्त आयोजनाले ४६ दशमलव आठ मेगावाट बिजुली र ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बबई सिँचाइ आयोजनामा पनि खरिद गुरुयोजनाअनुसार बजेट व्यवस्थापन हुन सकेको छैन। आव २०४५/४६ देखि सुरु भएको सो आयोजना आव २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य राखिएको भएपनि विद्यमान समस्याका कारण पूरा हुनेमा आशंका रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बुझाइ छ। कूल ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अगाडि बढाइएको आयोजनाको संशोधित लागत रु १८ अर्ब ९६ करोड छ।

आव २०६७/६८ मा सुरु भएको रानी जमरा कुलरिया सिँचाइ आयोजना आव २०८०/८१ मै सम्पन्न हुनुपर्ने कार्यतालिका थियो। पहिलो चरणमा १४ हजार तीन सय कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने र दोस्रो चरणमा थप २४ हजार हेक्टर कृषियोग्य भूमिलाई सिञ्चित गर्ने लक्ष्य राखिएको सो आयोजनाको भौतिक प्रगति ७४ दशमलव ३६ प्रतिशत र वित्तीय प्रगति ७२ दशमलव ३९ प्रतिशत पुगेको छ। सिञ्चित क्षेत्रको बचावट तथा कर्णाली नदी नियन्त्रणअन्तर्गत निर्माण भएका संरचना भत्काएर कर्णाली नदीले बगाएका कारण तत्काल पुनःनिर्माण गर्नुपर्ने अवस्था छ।

आव २०६३/६४ मा सुरु भएको महाकाली सिँचाइ आयोजनाको भौतिक प्रगति २३ दशमलव ५० प्रतिशत र वित्तीय प्रगति २३ दशमलव ४९ प्रतिशत छ। कूल ३३ हजार पाँच सय २० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेर सुरु भएको आयोजनाको कूल लागत रु ३५ अर्ब दुई करोड बराबर छ।

मुआब्जा वितरणमा ढिलाइ भएको, स्वचालित ढङ्गले महाकाली सन्धिअनुसार पानी प्राप्त हुन नसकेको, दोधारा चाँदनी क्षेत्रमा प्राप्त गर्ने १० क्युमेक्स पानी प्राप्त हुन भारतीय भूमिमा संरचना निर्माण हालसम्म सुरु नभएका विषयलाई आयोजनाले समस्याका रुपमा चित्रण गरेको छ।

मुआब्जा वितरणमा मात्रै रु ४२ अर्ब ८७ करोड खर्च भएको बुढीगण्डकी आयोजना निर्माणका लागि वित्तीय व्यवस्थापनको यकिन हुन सकेको छैन। कूल एक हजार दुई सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको सो आयोजनाको भौतिक प्रगति १० प्रतिशत मात्रै छ।

सरकारले राष्ट्रिय गौरवका आयोजनाको अपेक्षित प्रगति नभएपछि केही समाधानका उपायसमेत अगाडि सारेको छ। त्यसमा राष्ट्रिय गौरवका आयोजना छनौटको निश्चित मापदण्ड लागू गर्ने, आयोजना कार्यान्वयनका लागि 'सनसेट ल' लागू गर्ने तयारी गरेको छ। आयोजना तयारी चरणको सबै कार्य सम्पन्न गरेर मात्रै कार्यान्वयनमा जाने, जिम्मेवार पदाधिकारीलाई आयोजनाको प्रगतिप्रति उत्तरदायी र जवाफदेही बनाउन गृहकार्य भइरहेको छ।

सङ्घीय तथा प्रादेशिक निकाय र स्थानीय तहसँग नतिजामूलक समन्वय गर्ने, दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन र कुशल विनियोजन आयोजनाको समग्र तथा आयोजना अन्तर्गतका ठेक्काहरुको चुस्तदुरुस्त व्यवस्थापन गर्नुपर्ने सरकारको बुझाइ छ।

---

# विश्व समाचार

## श्रीलङ्कामा प्रतिकुल मौसमका कारण ८२ हजारभन्दा बढी प्रभावित

कोलम्बो (श्रीलङ्का), १२ मङ्सिर (रासस/सिन्ह्वा)।

श्रीलङ्कामा खराब मौसमका कारण ८२ हजारभन्दा बढी मानिसहरु प्रभावित हुनुका साथै एक जनाको मृत्यु भएको एक अधिकारीले बुधबार बताएका छन्।

विपद् व्यवस्थापन केन्द्रका सहायक निर्देशक (डिएमसी) जनक हन्डुनपथिराजाले १५ वटा जिल्लाका २४ हजार १५९ परिवारका ८२ हजार ७९६ जना प्रभावित भएको बताउनु भएको छ। उहाँले मौसमी प्रभावले छ जना घाइते भएको तथा सयौं घरहरू क्षतिग्रस्त भएको उल्लेख गर्नु भएको छ।

मौसम विज्ञान विभागले प्रतिकुल मौसमी प्रभाव दक्षिणपश्चिम बङ्गालको खाडीसहित पूर्वी श्रीलङ्काको ट्रिन्कोमालीबाट १९० किलोमिटर दक्षिणपूर्वमा अवस्थित रहेको बुधबार बताएको छ।

विभागका अनुसार मौसमी प्रभाव श्रीलङ्काको पूर्वी तटको नजिक सर्ने र बुधबार थप तीव्र भइ चक्रवाती आँधीमा परिणत हुने सम्भावना रहेको छ।

## लेबनानमा युद्धविरामको घोषणाको राष्ट्रसंघद्वारा स्वागत

बेरुत (लेबनान), १२ मङ्सिर (रासस/क्यूएनए)।

लेबनान र इजरायली इकाईले लेबनानमा युद्धविराम सम्झौतामा पुगेको अमेरिकी राष्ट्रपति जो बाइडेनको घोषणालाई संयुक्त राष्ट्र संघले स्वागत गरेको छ।

लेबनानका लागि राष्ट्रसङ्घीय विशेष संयोजक (युएनएससीओएल) जेनिन हेनिस-प्लास्चर्टले मङ्गलगलबार विज्ञप्ति जारी गर्दै "यो सम्झौताले दुवै पक्षका नागरिकहरूको सुरक्षा पुनःस्थापना गर्ने प्रस्ताव -१७०१ (२००६) को पूर्ण कार्यान्वयनमा गरिएको महत्वपूर्ण प्रक्रियाको सुरुवातलाई सङ्केत गर्ने बताउनु भएको छ। उहाँले "सम्झौता कार्यन्वयन सुनिश्चित गर्न पर्याप्त काम अगाडि बढेको बताउदै दुवै पक्षको पूर्ण र अटुट प्रतिबद्धता रहेको बताउनु भएको छ।

प्रस्ताव-१७०१ बाट चयन गरिएका प्रावधानहरू मात्र कार्यान्वयन गर्ने र अरूलाई मौखिक सेवा प्रदान गर्ने यथास्थिति पर्याप्त नहुनेसमेत उहाँले बताउनु भएको छ।

यसको माध्यामबाट विनाशकारी अध्यायको अन्त्य गर्ने अवसर प्राप्त भएकोमा विशेष संयोजकले दलहरूको प्रशंसा गर्नु भएको छ। हाल प्राप्त उपलब्धिलाई सुदृढ पार्न ठोस कार्यहरू मार्फत काम गर्ने समय भएको उहाँले प्रष्ट पार्नु भएको थियो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले मङ्गलबार लेबनान र इजरायली इकाई युद्धविराममा सहमत भएको घोषणा गर्नु भएको हो जुन बुधवार देखि लागु हुने जनाइएको छ।

युद्धविरामको घोषणा भएपछि अमेरिका र फ्रान्सले संयुक्त विज्ञप्तीमा लेबनानी सेनाको क्षमता निर्माण गर्न अन्तर्राष्ट्रिय प्रयासको नेतृत्व गर्ने र लेबनानी अर्थतन्त्रलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सम्झौताको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न काम गर्ने प्रतिबद्धता जनाएका छन्।

## युद्ध विराम पछि बेरुतका विस्थापित बासिन्दा घर फर्के

बेरुत (लेबनान), १२ मङ्सिर (रासस/एएफपी)।

युद्धविराम लागू भए पछि द्वन्द्वका कारण क्षति भएको बेरुतको दक्षिणी उपनगरबाट विस्थापित बासिन्दाहरू बुधबार घर फर्केका छन्। लामो समय पछि भएको युद्ध विराम कार्यन्वयनका लागि धेरैले हेजबुल्लाहको प्रशंसा गर्दै "विजय" उत्सव समेत मनाएका छन्। पछिल्लो समयमा इजरायलले दिनहु जसो आक्रमण गर्दा धेरै हदसम्म खाली भएको उक्त आवासीय क्षेत्रमा विस्थापितहरु एकै चोटी फर्किदा भीडभाड हुँदा ट्राफिक जामसमेत भएको एएफपीले जनाइएको छ।

विस्थापितहरुले आफ्नो क्षतिग्रस्त घर र व्यवसाय देखेर आँसु बगाउदै उत्खननकर्ताहरूको सहयोगमा भग्नावशेष हटाउनका लागि पर्खिरहेका थिए। स्थानीय इन्जिनियर निजाम हमादेले आफ्नो घरतर्फ फर्किँदै हमलामा मृत्यु भएका हेजबुल्लाह नेता सैयद हसन नसरूल्लाहको उपनगरमा फर्किदा उनीहरूलाई धन्यवाद दिँदै फर्किएको एएफपीले जनाएको छ।

दक्षिण बेरुत उपनगरले मङ्गलबार द्वन्द्वको सबैभन्दा तीव्र रुपको सामना गरेको थियो। "युद्धविराम लागु भएपछि आफुहरु घर फर्किएको उक्त उपनगर निवासी फातिमाले बताउनु भएको छ। बुधबार देखि युद्धविराम लागु भएपछि इरान समर्थित समूहले दक्षिण बेरुत र पूर्वी लेबनानको गढहरुमा प्रेस भ्रमणको आयोजना गरिरहेको थियो।

गाजा युद्धलाई लिएर हिजबुल्लाहले सुरु गरेको सीमापार हमलाको लगभग एक वर्षपछि, इजरायलले लेबनानमा हेजबुल्लाहको गढहरू लक्षित आक्रमण बढाई दक्षिणी सीमा पार गरेर सेना तैनाथ गरेको थियो। केही बासिन्दाहरू तुरुन्तै युद्धमा अन्त्येष्टि जुलुसलगायतमा आफ्ना प्रिय नेताको हत्या भएको स्थान तर्फ लागेको एएफपीले जनाएको छ। यसै क्रममा हिजबुल्लाहका समर्थकहरूले नसरुल्लाह र हाशेम सफीद्दिनको तस्विरहरू हस्तान्तरणसमेत गरिरहेको एएफपीले जनाएको छ।

# अत्यधिक चिसोको समयमा आगो ताप्न सबै पालिकाले दाउराको व्यवस्था मिलाउने

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**
अत्यधिक चिसोको समयमा सप्तरीका सबै पालिकाले सिरक, कम्बल, लत्ताकपडा र दाउराको व्यवस्था आफै मिलाउने निर्णयका साथै दाउरा व्यवस्थापनका लागि डिभिजन वन कार्यालयसँग समन्वय गर्ने निर्णय पनि भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको मंगलबार बसेको बैठकले यस्तो निर्णय गर्दै त्यस बाहेक अतिआवश्यक पर्ने थप सामाग्रिका लागि जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय विपद जोखीम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालयसँग माग गर्ने निर्णय गरेको छ ।

बैठकले स्थानीय तहको विपद् व्यवस्थापन कोष, जिल्ला विपद व्यवस्थापन कोष र नेपाल रेडक्रस सोसाइटी, गैसस महासंघ, उद्योग बाणिज्य संघ मार्फत अति विपन्न, असहाय, वृद्ध, अपाङता र अरुको सहारा लिनुपर्ने व्यक्ति/परिवारलाई स्थानीय तहको छनौट तथा सिफारिस अनुसार गरी कम्बल तथा न्यानो कपडा बितरणको व्यवस्था मिलाउने निर्णय समेत गरेको छ ।

विपद् व्यवस्थापनसँग सम्बन्धित राहत बितरण गर्दा जिल्लामा कार्यरत संघ-संस्थाहरुले जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी स्थानीय तहको सहभागितामा एकद्धार प्रणालीबाट राहत वितरणको व्यवस्थापन गर्ने। स्थानीय तहहरुले विपद्सँग सम्बन्धित स्वास्थ्य प्रयोजनका लागि दूत प्रतिकार्य समिति र दूत प्रतिकार्य टोली गठन गरी जिल्ला विपद् व्यवस्थापन समितिलई उपलब्ध गराउने निर्णय बैठकले गरेको छ ।

यस्तै, बैठकले जिल्लाका स्थानीय तह, गैसस, रेडक्रस लगायत विपद्सँग सम्बन्धित सरोकारबाला निकायहरुबीच जिम्मेबार व्यक्ति/फोकल पर्सन तोकी सूचना प्रवाह र निरोधका उपाय शिघ्र अबलम्बन गर्न ह्वाट्एप ग्रुप निर्माण गरी सकृय सहभागिता जनाउने, शितलहरको प्रभावबाट जोगिन झोलिलो पदार्थ, तातोपानी, पोषिलो खाना, न्यानो कपडा र घरभित्र बस्ने लगायतका संदेशमूलक सूचना आम संचारका माध्यमबाट सबै पालिकाले प्रचार/प्रसार गराउने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ ।

# संविधानको मुलभूत विषयमा संशोधन गर्न नसक्ने : महामन्त्री थापा

विराटनगर, १२ मङ्सिर (रासस) ।
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले दुई ठूला दलको सातबुँदे सहमतिलाई संस्थागत गर्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच राजनीतिक संयन्त्र बनेको बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा बुधबार पत्रकारसँगको भेटघाटमा उहाँले संविधान संशोधनको विषयमा पहिले नेपाली कांग्रेस र एमालेबीच साझा धारणा बन्ने र त्यसपछि अन्य दलहरूसँग छलफल गर्ने योजना रहेको बताउनुभयो । उहाँले कसैले चाहेर पनि संविधानको मूलभूत विषयमा संशोधन नहुने तर्क गर्दै संविधान संशोधनका सन्दर्भमा जिम्मेवार सबै राजनीतिक दलसँग सौहार्द्रपूर्ण वातावरणमा छलफल गरी आवश्यक निर्णय लिइने स्पष्ट गर्नुभयो ।

महामन्त्री थापाले भन्नुभयो, “नेपाली कांग्रेसले संविधानको मर्म र भावना एवं पञ्चशीलको सिद्धान्तअनुसार सबै राष्ट्रसँग मित्रवत् सम्बन्ध राख्नेछ ।” उहाँले विआरआई नयाँ सम्झौता नभई पुरानै भएकाले सो सम्झौतालाई अब टुङ्गोमा पुर्‍याउनुपर्नेमा जोड दिनुभयो ।

विआरआईका सन्दर्भमा उठ्ने गरेको आशङ्कका र अनावश्यक हल्ला चिर्न प्रधानमन्त्रीको आसन्न चीन भ्रमण सफल हुने विश्वास व्यक्त गर्दै महामन्त्री थापाले भन्नुभयो, “विकासका लागि ठूलो पुँजीको आवश्यकता पर्ने भएकाले हाम्रा मित्र राष्ट्रहरूबाट अहिलेलाई ऋण नभई अनुदान सहयोगको अपेक्षा राखेका छौँ ।”

एक प्रश्नको जवाफमा महामन्त्री थापाले स्थानीय तहको आसन्न उपनिर्वाचनमा यसअघिको तुलनामा नेपाली कांग्रेसले राम्रो परिणाम ल्याउने दाबी गर्नुभयो ।

# बिराटनगरले एनपीएलको उपाधि जिते ३० लाख रुपैयाँ पुरस्कार दिने घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**
कोसी प्रदेश सरकारले विराटनगर किङ्सले नेपाल प्रिमियर लिग एनपीएलको उपाधि जिते ३० लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ ।

विराटनगरका किङ्सका खेलाडीलाई बिदाइ गर्दै कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विजेता बनेमा ३० लाख पुरस्कार दिने घोषणा गरेका हुन् ।

नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गर्न लागेको नेपाल प्रिमियर लिगको लागि कोसी प्रदेशबाट विराटनगर किङ्सले सहभागिता जनाउँदै छ ।

मुख्यमन्त्री कार्कीले टोलीलाई जितको शुभकामना दिँदै खेल क्षेत्रमा निजी क्षेत्रको सहभागिताले थप आकर्षण बढेको बताए ।

‘खेलकुद क्षेत्रमा प्रदेश सरकारको स्रोत साधनले भ्याएसम्म सहयोग गर्न सरकार तयार रहेको छ,’ मुख्यमन्त्री कार्कीले भने, ‘आगामी दिनमा खेलकुदको विकासकालागि थप योजनाहरू अघि सारिनेछ ।’

विराटनगर किङ्सका मुख्य प्रशिक्षक केभिन ओ ब्रायनले नेपाल प्रिमियर लिगमा आक्रामक खेल्ने बताए । एनपीएल काठमाडौँको कीर्तिपुरस्थित मैदानमा मङ्सिर १५ गतेदेखि पुस ६ गतेसम्म सञ्चालन हुनेछ ।

## घरमै थला ...

प्रतिष्ठानमा उपचारमा छुटका लागी विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत पाउनु पर्ने उपचार सुविधाको सिफारिश पत्र समेत उपलब्ध गराएका छन ।

सदाको उपचाका लागी राजविराज नगरपालिकाले समेत ५० हजारको सहयोग गर्ने तयारी गरेको कार्यवाहक नगरप्रमुख इसरत परवीनले बताइन ।

पेशाले मजदुर २७ वर्षिय सदा एक महिना अघि घर ढलान गर्ने क्रममा सिमेन्टको बोरा बोकेर लादै गर्दा अचानक ढलेर अचेत भएका थिए । उनको टाउँको, घाँटी र ढाडमा चोट लाग्नुका साथै घाँटी र ढाडको नशा च्यापिएको थियो । हिडडुल गर्न नसक्ने अवस्थामा रहेका सदाको उपचारमा डेढ लाख रुपैया लाग्ने भएपछी रकम अभावमा उनलाई अहिले घरकै ओच्छ्यान मै राखिएको छ ।

# उपनिर्वाचनको पर्यवेक्षणका लागि नौ संस्थालाई अनुमति

काठमाडौँ, १२ मङ्सिर (रासस) ।
निर्वाचन आयोगले स्थानीय तहको उपनिर्वाचनको पर्यवेक्षणका लागि विभिन्न नौ वटा संस्थालाई अनुमति दिएको छ ।

आयोगले गत कात्तिक २६ को निर्णयअनुसार पर्यवेक्षणका लागि आवेदन माग गरेको थियो । ती संस्थालाई सकभर सबै मतदानस्थलमा प्रति संस्था बढीमा दुई जनाको दरले खटाउने गरी आयोगबाट निर्णय भएको थियो ।

उपनिर्वाचनमा परिचालन हुने पर्यवेक्षक सङ्घ/संस्था र व्यक्तिहरुसँग बुधबार अन्तरक्रिया सम्पन्न गरेको थियो । अन्तरक्रियामा कार्यक्रममा पर्यवेक्षकहरुले निर्वाह गर्नुपर्ने भूमिका र पालना गर्नुपर्ने आचारसंहितालगायतका विषयमा छलफल भएको थियो ।

छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले पर्यवेक्षण गर्ने संस्थाले निर्वाचन सम्पन्न भएको मितिले बढीमा ३० दिनभित्र आयोगमा प्रतिवेदन पेस गर्न आग्रह गर्नुभयो । प्रतिवेदन प्राप्त भएपछि निर्वाचन व्यवस्थापन सुधारका लागि दिइएका सुझाव क्रमश: कार्यान्वयन गर्दै लगिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा निर्वाचन आयुक्त सगुनशमशेर जबराले उपनिर्वाचनमा खटिइ जान लाग्नुभएका पर्यवेक्षकलाई विगतका निर्वाचनमा अनुभव गरिएका विषयलाई सुझावको रुपमा प्रस्तुत गर्दै पर्यवेक्षण प्रतिवेदनका सुझावलाई आयोगले सदैव गम्भीर रुपमा लिइ कार्यान्वयन गरिरहेको बताउनुभयो ।

आयोगका सचिव रविलाल पन्थले पर्यवेक्षकले निष्पक्षतापूर्वक तोकिएको मतदानस्थलमा गई आयोगले गरेका व्यवस्थाको प्रभावकारिताका सम्बन्धमा प्रतिवेदनमा उल्लेख गर्न पर्यवेक्षकलाई आग्रह गर्नुभएको आयोगका प्रवक्ता नीता अर्याल पोखरेलले जानकारी दिनुभयो ।

## धान खेतमै ...

आफ्नो प्रतिनिधी छान्ने अवसर पाएका मतदाताहरु मत माग्दै उम्मेदवारहरु खेत मै पुगेर नमस्कार गर्दा दंग छन ।

उक्त पालिकाको १ र ४ वडाका वडाअध्यक्षको निधन भएकाले ती दुबै वडाको अध्यक्ष पदका लागी मंसिर १६ गते उपनिर्वाचन हुदैछ । निर्वाचन हुने ती दुबै पदमा यस अघि नेपाली काँग्रेसका क्रमश: प्रितमलाल चौधरी र हरि प्रसाद रायले चुनाव जितेका थिए ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नं १ मा २ हजार ६ सय ३५ र वडा नं४ मा १ हजार २ सय ८१ मतदाता छन । मतदानका लागी ३ मतदान स्थल र ५ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । निर्वाचन कार्यक्रम अन्तरगत बिहीबार राती १२ बजे मौन अवधी सुरु हुदैछ ।

## संसदीय समितीको ...

विद्यमान समस्या र थुनुवाको अवस्थाका बारेमा जानकारी गराउँदै संचारकर्मीहरुले राजविराज कारागारको जीर्ण भवन संरचना, क्षमता भन्दा चौब्बर कैदी/बन्दी राख्दा उत्पन्न समस्या तथा कारागारको बर्षौंदेखी अतिक्रमणमा परेका जग्गा खाली गराउन नसक्दा थपिएको सुरक्षा चुनौती लगायतका समस्या उठान गर्दै समाधानका लागी पहल गर्न सुझाव दिएका थिए ।

टोलीकी सदस्य सांसद रञ्जु कुमारी ठाकुरले हिरासतमा रहेका बन्दीहरुको अवस्था, समस्या, अधिकार, कारागार र थुनुवाकक्ष भवन संरचनाको अवस्था लगायतका विषयमा टोलीले अध्ययन गरी समाधानका उपायसहित सरकारलाई प्रतिवेदन बुझाउने बताईन । उनले विगतका कानुनमा देखिएका त्रुटिमा सुधार र आवश्यक पर्ने विषय समेटेर परिमार्जनका लागी समेत यस्तो निरिक्षण फलदायी हुने विश्वास व्यक्त गरिन ।

## शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको
## द्धन्दपिडीत छात्रवृतीका लागि निवेदन पेश गर्ने वारे

### सुचना। सुचना।। सुचना।।।

**सुचना प्रकाशन मितिः २०८१।८।१२**

प्रस्तुत विषयमा शैक्षिक वर्ष २०८१ मा यस जिल्ला भित्र सञ्चालित विभिन्न विद्यालयहरुमा अध्ययन गरीरहेका १८ वर्ष उमेर पुरा नभएका नेपाल सरकारबाट द्धन्दपिडीत प्रमाणित भएका परिवारका छोराछोरीहरुले छात्रवृतीका लागि देहायका आवश्यक कागजातहरु संलग्न राखी **मिति २०८१ पुस ११ गते सम्म** यस इकाईमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको समयमा प्राप्त नभएका र अपुग कागजात भएको निवेदन उपर कुनै कारबाही हुने छैन र यसै कारणले कुनै विद्यार्थी छात्रवृतीबाट बञ्चित भएमा सम्बन्धित पक्ष नै जिम्मेवार हुनेछ ।

**तपसिलः**

१.अध्ययनरत विद्यार्थी वा अभिभावकको सक्कल निवेदन।
२. जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्धन्दपिडित प्रमाणपत्र र क्षतिपुर्ती वापतको राहत बुझेको प्रमाणित पत्रको प्रतिलिपि।
३. द्धन्दको क्रममा अभिभावको मृत्यु भएको भए मृत्युदर्ता प्रमाणपत्रअपाङ्गता भएको हकमा अपाङ्गता परिचय पत्र।
४. शैक्षिक वर्ष २०८१ मा विद्यार्थी अध्ययन गरिरहेको शिक्षण संस्थाको प्रमुखबाट नाम् थर, कक्षा, रोल नं र विद्यार्थीको EMIS Code खुल्ने गरी छात्रवृतीका लागि सिफारिस गरिएको पत्र।
५. अध्ययनरत विद्यार्थीको द्धन्दपिडीत परिवार संगको नाता प्रमाणित प्रतिलिपि।
६. अध्ययनरत विद्यार्थीको जन्म दर्ताको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
७. विद्यार्थीको नाममा KYC update सहित बैंकमा खोलिएको खाताको चेकबुकको प्रतिलिपि।
८. स्थानीय तहको सिफारिस।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*